# लाइट हाउस क्लब
# हङकङ बेनेभोलेन्ट फन्ड

## हङकङको निर्माण क्षेत्रमा कार्यरत च्यारिटि

Lighthouse CLUB HONG KONG



## हामी के गर्दछौं?

निर्माण क्षेत्रमा काम गर्ने पुर्व वा वर्तमान कामदारहरु र उनीहरुका परिवारका सदस्यहरुलाई आर्थिक सहयोग गर्नु यो च्यारिटिको मुख्य उद्देश्य हो।

## कस्तो बेलामा हामीले सहयोग उपलब्ध गर्दछौं?

निर्माण क्षेत्रमा काम गर्ने पुर्व वा वर्तमान कामदारहरु निम्न कारणहरुले अस्थायी वा संधैको लागी काम गर्न नसकेर आर्थिक समस्यामा परेमा...




## कस्तो खालको सहयोग हामीले उपलब्ध गराउँदछौं?



गत ४ बर्षमा हङकङ डलर 8.25 मिलियनको आर्थिक सहयोग गरेको



गत 4 बर्षमा १७६ वटा केसहरुलाई सहयोग गरेको




महिनावारि पेन्सनको रुपमा रकम दिएर

एक मुस्ट रकम दिएर

## हामीलाई सम्पर्क गर्नुहोस्

यदि तपाईं वा तपाईंले चिनेका ब्यक्तिहरु कोहि आर्थिक सहयोग पाउनका लागी योग्य छन् जस्तो लाग्छ भने वा यो च्यारिटिले कसरी वा कुन तरिकाले सहयोग गर्न सक्छ भन्ने लागेमा सल्लाहकोलागि हामीलाई सम्पर्क गर्नुहोस्।प्राप्त सम्पुर्ण जानकारीहरु गोप्य राखिने छन् ।

**इलाइन मान** प्रशासनिक अधिकृत

लाइट हाउस क्लब,

हङकङ शाखा, १९०१-२,होपवेल सेन्टर,

१८३ क्विन्स रोड इस्ट,वान चाइ,हङकङ

इमेल : info@lighthouseclubhk.com

टेलिफोन : 2736 9885 फ्याक्स : 2687 2252

Lighthouse CLUB

Lighthouse CLUB HONG KONG

यो लाइट हाउस क्लब हङकङ बेनेभोलेन्ट फन्ड च्यारिटिको रुपमा दर्ता भएको संस्था हो जो आर्थिक संकटमा परेका निर्माण क्षेत्रमा काम गर्ने पुर्व वा वर्तमान कामदारहरुलाई सहयोग गर्न प्रतिबद्ध /समर्पित छ ।

## हामीले सहयोग गरेका केहि उदाहरणहरु



### सम्पूर्ण परिवारलाई सहयोग प्रदान

आ-मिङ निर्माण क्षेत्रमा काम गर्ने एक कामदार थिए । उनी आफ्नो कम्पनीले उपलब्ध गराएको बस्ने क्वार्टरमा नुहाउन्दै गर्दा ग्यासबाट पानी तताउने हिटर पड्किन्दा तातोपानीले गम्भीर रुपले पोलेपछी त्यसैबाट ज्यान गुमाउन पुगे । यो कुरा हाम्रो जानकारिमा आएपछी उनको परिवारलाई आर्थिक सहयोग प्रदान गरियो जस अन्तर्गत आ-मिङ्गो बिधवालाई उनको छोरी र ८० बर्षकि सासुको हेरविचार र स्याहार सुसार गर्न हङकङ ड्लर ५१०० प्रति महिना पेन्सनको रुपमा र हङकङ डलर ८५० प्रती महिना शैक्षिक भत्ताको रूपमा प्रदान गरियो।

### एउटा परिवारको पुनर्मिलन

बम्बू स्याफोल्डर आ-छोर एउटा निर्माण क्षेत्रमा काम गर्दा उचाईबाट खसेर प्यरालाइसिस भए र अहिले उनको दुवै हात खुट्टा चल्दैन ।बर्षदिन भन्दा बढीको औषधि उपचारपछि उनको अबस्था यत्तिसम्म चाहि सुधृयो कि घरमा बिशेष किसिमको उपकरण भएको खण्डमा उनी घर आएर एक पटक फेरी परिवारसङ्गै बस्न सक्थे ।किनकि आ-छोरको परिवार यत्ति महङ्गो पर्ने उपकरणहरुको खर्च ब्यहोर्न सक्ने हालतमा थिएन; हाम्रो संस्थाले हङकङ डलर २१०००० भन्दा धेरै पर्ने बाहिर लिएर हिड्न मिल्ने ब्याटरीबाट चल्ने व्हील चेयर, घर भित्रको प्रयोगको लागी दोस्रो व्हील चेयर, बिशेष किसिमको ओछ्यान र मेट्रेस उचाल्ने उपकरण र शौचालयको लागी चाहिने बिशेष किसिमको उपकरण किनेर उपलब्ध गराइदियो ।यसले गर्दा आ-छोर फर्किएर आफ्नी श्रीमती र दुई बच्चाहरुसङ्गै आफ्नो घरमा बस्न पाए।





### आवश्यकता परेको बेलामा सहयोग

मार्कस,जो भर्खरको उमेरका छन् ,जसको दुई वटा नानिहरु सहितको सुखी परिवार छ र जो पेसाले स्ट्रक्चरल इन्जिनियर हुन् ;उनलाई २०१४मा एक्युट म्येलोइड ल्युकिमिया (हड्डीको मासिमा हुने एक किसिमको रक्त क्यान्सर ) भएको पत्ता लाग्यो।२०१५मा उनलाई मिल्ने हड्डीको मासी दान गर्ने ब्यक्ति (बोन म्यारो डोनर) भेटियो तर ति डोनर हङकङ बाहिरबाट थिए र बाहिर बोन म्यारोको ट्रन्स्प्लान्ट गर्दा लाग्ने खर्च यहाँको पब्लिक हेल्थकेयर सिस्टमले ब्यहोर्दैनथियो ।त्यो केस हामीलाई सिफारिस भएर आएपछि मार्कसले सन्चो हुने मौका गुमाउन नपरोस भनेर हामीले त्यो ट्रान्सप्लान्टको लागी लाग्ने खर्चको केहि भाग तिरिदियौं ।

साथ साथै, हामीले मार्कसको परिवारलाई ठिक नहुन्जेलसम्म पेन्सनको रुपमा महिनाको हङकङ डलर ५१०० र शैक्षिक भत्ताको रूपमा महीनाको हङकङ डलर १७०० उपलब्ध गरायौं,। यसले गर्दा मार्कसको श्रीमतीले घर बसेर मार्कस र उनिहरुको नानीहरुको स्याहार सुसार गर्न पाइन् ।